साफ च्याम्पियनसिप

# भारतलाई हराउँदै नेपाल फाइनलमा



**हिमालय टाइम्स**

काठमाडौं, ११ कात्तिक

साफ महिला च्याम्पियनसिप अन्तर्गत नेपाल फाइनलमा प्रवेश गरेको छ । निर्धारित समयमा एक-एकको बराबरी भएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकरमा भारतलाई हराउँदै नेपाल फाइनलमा पुगेको हो ।




त्रिपुरेश्वरस्थित दशरथ रगंशालामा भएको दोस्रो सेमिफाइनलमा भारतलाई टाइब्रेकरमा चार-दुई गोल अन्तरले पराजित गर्दै नेपाल सेमिफाइनलमा पुगेको हो । नेपालको जितमा सावित्रा भण्डारी, गीता राना, सविता रानामगर, अमिसा कार्कीको प्रहार सफल भएको थियो । भारतकी मनिषा, के पुरुषोत्तमको प्रहार सफल हुँदा कप्तान आसालता र रञ्जना चानुको पेनाल्टी प्रहारमा चुक्नुभयो ।

भारतले खेलको ७१औं मिनेटमा गोल गर्दै अग्रता लिएको थियो । त्यसलगत्तै नेपालले पनि गोल गरेको थियो । नेपालकी प्रीति राईले गरेको गोलमा सुरुमा रेफ्रिले गोलको मान्यता दिएपनि भारतले प्रोटेष्ट गरेपछि उक्त गोलले मान्यता पाएको थिएन ।

त्यसपछि खेल रोकिएको थियो । रोकिएको एक घन्टापछि खेल सुरु भएको थियो । खेल सुरु भएको एक मिनेट भित्रै नेपालीकी सावित्रा भण्डारीले बराबरी गोल फर्काउनुभएको थियो । बराबरी गोल गरेपछि भण्डारीले गरेको गोल सेलिब्रेसनका कारण पहेँलो कार्ड नै पाउनुभयो । गोल गरेपछि उहाँले जर्सी खोलेर र मैदान बाहिर गएर गोल सेलिब्रेसन गर्नुभएको थियो । त्यही कारण रेफ्रीले उहाँलाई पहेँलो कार्ड दिएकी थिइन् ।

खेलमा नेपालकी फरवार्ड रेखा पौडेलले रातो कार्ड पाउनुभएको थियो । खेलको ५१ औं मिनेटमा दोहोरो पहेँलो कार्ड पाएपछि उहाँले मैदान छाडनुभएपछि नेपाली टिम १० खेलाडीमा सीमित भएको थियो ।

रेखाले रातो कार्ड पाएपछि नेपाली दर्शकहरुले केहीबेर नाराबाजी गर्नुका साथै मैदानमा पानीको बोतलसमेत फालेका थिए । तनावका कारण केहीबेर खेल रोकिएको थियो । दर्शकहरू रेफ्री आउट भनेर नारा लगाएका थिए ।

मैदानको छेउमा उभिएर सुरक्षाकर्मीले दर्शकहरूलाई शान्त रहन भनेका थिए ।

म्याच कमिसनर लगायतले स्थितीलाई साम्य बनाएपछि खेल फेरि सुरु भएको थियो । नेपाली फरवार्ड सावित्रा भण्डारीले दर्शकलाई हात जोडेर शान्त रहन आग्रह गर्नुभएको थियो ।

नेपालले अब उपाधिका लागि बंगालदेशसँग भिड्नेछ । आइतबार भएको पहिलो सेमिफाइनलमा बंगलादेशले भुटानलाई सात-एक गोल अन्तरले हराउँदै फाइनलमा पुगेको थियो ।

यसअघिका चार संस्करणमा उपाधिका लागि भिडेका यी दुई टोली लगातार दोस्रोपटक सेमिफाइनलमा आमनेसामने भएका थिए ।

# लेवान्डोस्कीको गोलमा बार्सिलोनाको सानदार जित



**एजेन्सी**

स्पेन, ११ कात्तिक

ला लिगामा बार्सिलोनाले रियल मड्रिडलाई पराजित गरेको छ । किलियन एम्बाप्पेको पहिलो क्लासिकोमा शनिबार राती बार्सिलोनाले रियल मड्रिडलाई ४-० ले पराजित गरेको हो । बार्सिलोनाको जितमा रोबर्ट लेवान्डोस्कीले दुई गोल गर्नुभयो । यस्तै, लामिन यमल र राफिन्हाले समान एक/एक गोल गर्नुभयो ।

जितसँगै शीर्ष स्थानको बार्सिलोनाले ११ खेलबाट ३० अंक पुऱ्याएको छ । दोस्रो स्थानको रियल बार्सिलोनाभन्दा ६ अंकले पछि छ । खेलको ५४औं मिनेटमा लेवान्डोस्कीले मार्क कासाडोको पासमा गोल गर्दै रियललाई स्तब्ध पार्नुभएको थियो । त्यसको दुई मिनेटपछि नै उहाँले अग्रता दोब्बर बनाउनुभयो ।

७७औं मिनेटमा राफिन्हाको क्रसमा यमलले अग्रता ३-० मा पुऱ्याउनुभयो । गोलसँगै यमल क्लासिकोमा सबैभन्दा कम उमेरको गोलकर्ता बन्नुभयो । उहाँले १७ वर्ष १०५ दिनको उमेरमा क्लासिकोमा गोल गर्नुभएको हो । उहाँले अन्सु फातीलाई उछिन्नुभएको छ । फातीले अक्टोबर २०२० मा १७ वर्ष २५० दिनमा गोल गर्नुभएको थियो । खेलको ८४औं मिनेटमा राफिन्हाले गोल गर्दै बार्सिलोनालाई ४-० को सहज जित दिलाउनुभयो । च्याम्पियन्स लिगमा बायर्न म्युनिखलाई ४-१ ले पराजित गरेको तीन दिनपछि बार्सिलोनाले यो जित निकालेको हो । उसले पछिल्ला पाँच प्रतिद्वन्द्वीलाई २१-२ ले पराजित गरेको छ । स्पेनको राजधानीमा एकतर्फी जितसँगै ला लिगाका ४२ खेलमा अपराजित रहेको बार्सिलोना कीर्तिमानतर्फ उन्मुख भएको छ । सन् २०१७-१८ मा बार्सिलोना ४३ खेलसम्म अपराजित भएको थियो । कार्लो एन्सेलोट्टीको टोलीले गत वर्ष सेप्टेम्बर २३ पछि पहिलो हार बेहोरेको थियो ।

# उसु विश्वकपमा विजयलाई कांस्य

**हिमालय टाइम्स**

काठमाडौं, ११ कात्तिक

नेपाली राष्ट्रिय उसु खेलाडी विजय सिंजालीले उसु थाउलो विश्वकप २०२४ मा कांस्य पदक जित्नुभएको छ । जापानमा चलिरहेको विश्वकपमा आइतबार बिहान उहाँले चेन्सुतर्फ तेस्रो स्थान हासिल गर्नुभयो । विजयले ९.७६ नम्बर प्राप्त गर्नुभयो । ९.७७ अंक प्राप्त गरेका मलेसियाका वेङ सन वोङले स्वर्ण पदक तथा घरेलु टोली जापानका मोटोयोशी अराकीले ९.७६ अंकसहित रजत पदक जित्नुभएको छ ।

विजयले अमेरिका, मेक्सिकोलगायत देशका ६ खेलाडीलाई पछि पार्नुभएको हो । विजयको इभेन्टमा नौ खेलाडीले प्रतिस्पर्धा गरेका थिए । प्रतियोगितामा नेपालबाट सहभागी पाँच खेलाडीमा हालसम्म




विजयमात्रै पदकधारी हुनुहुन्छ । सात सदस्यीय नेपाली टिम जापान पुगेको छ । खेलाडीमा विजयसँगै निमा घर्तीमगर, दीपक हमाल, पासाङ शेर्पा र राजीव तामाङ हुनुहुन्छ ।

# टेबल टेनिसमा नेपालसँग साउदी पराजित

**काठमाडौं/हिटा ।** बहराइनको मानामामा जारी आइएसएफ जिम्नासाइडको टेबल टेनिसमा नेपालले महिला टिम इभेन्टमा साउदी अरेबियालाई पराजित गरेको छ । बहराइन नेसनल स्टेडियमस्थित इसा स्पोर्ट्स सिटी हल 'बी' मा ९ देखि १३औं स्थानका लागि भएको प्रतिस्पर्धामा नेपालले साउदी अरेबियालाई ४-१ ले पराजित गऱ्यो ।




जितसँगै नेपालले सोमबार ९ देखि ११औँ स्थानका लागि युगाण्डा वानसँग खेल्ने छ । यो खेल जितेमा नेपालले पुन: ९ देखि १० औं स्थानका लागि खेल्ने अवसर पाउनेछ । नतिजा अनुकूल नआएमा नेपाल ११औं स्थानमा रहनेछ ।

महिला टिम इभेन्टमा नेपालले समूह चरणमा इंग्ल्याण्ड, अजरवैजान, इटाली र चाइनिज ताइपेईसँग प्रतिस्पर्धा गरेको थियो । नेपाल इंग्ल्याण्डसँग ४-३, अजरवैजानसँग ५-२, इटालीसँग ५-२ र चाइनिज ताइपेईसँग ७-० ले पराजित भएको थियो ।

महिला टिममा नेपालबाट इभाना थापा, वियंका राई, माल्सा नेपाल र विद्विसा मैनालीले खेलिरहनुभएको छ ।

महिलामा नेपालले सिंगल्स स्पर्धामा पनि प्रतिस्पर्धा गर्नेछ । पुरुषमा जेविश बुर्लाकोटी र आशिष महताले पनि सिंगल्समा नेपालको चुनौती प्रस्तुत गर्नुहुनेछ ।

**घ्याङलेख गाउँपालिकाको कार्यालय**

**गाउँ कार्यपालिकाको कार्यालय**

**हायुटार, सिन्धुली**

**बागमती प्रदेश, नेपाल**

**वोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

**(सूचना प्रकाशित मिति २०८१/०७/१२)**

यस घ्याङलेख गाउँपालिकाको कार्यालय हायुटार सिन्धुलिले निर्धारित मिति भित्र दर्ता भयका बोलपत्र दाताहरुले तपसिल बमोजिम कार्य सम्बन्धी बोलपत्र मार्फत आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पुर्णमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ. कर सहित) |
|---|---|---|---|---|
| १ | GHRM/ Sindhuli/Works/ NCB/01/2081/082 | Belbot-Bandipur-Chaukidanda- Sadak Istarunnati | Indra Group of Company Ka.Na.Pa.-6 Sindhuli | Nrs.80,35,294.50 |
| २ | GHRM/ Sindhuli/Works/ NCB/02/2081/082 | Satobado-Panchghare-Solabhanjyang Sadak Istarunnati | Lucky One Builders and Suppliers Pvt. Ltd, Ka.Na.Pa.-5 Sindhuli | Nrs.78,28,822.03 |

**प्रमुख प्रशासकीय अधिकृत**

**Government of Nepal**

**Ministry of Urban Development**

**Department of Urban Development and Building Construction**

**Federal Urban Development and Building Construction Office Kailali**

**Invitation for Online-Bids**

**(Notice No: FUDBCO/KAILALI/NCB/Works/ 2081/082/01)**

**Date of Publication: 2081/07/12 (28th Oct, 2024)**

Federal Urban Development and Building Construction Office, Kailali invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp.

| Contract ID | Description of Works | Total Estimated Amount NRs. (Without VAT Including Provisional Sum) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| FUDBCO/KAILALI/ Works/NCB/01-2081/082 | Upgradation of Road of Bharatpur Tole at Godavari Municipality -01, Kailali | 85,75,066.13 | 2,30,000.00 | 3,000.00 |
| FUDBCO/KAILALI/ Works/NCB/02-2081/082 | Upgradation of Road starting Tikapur Municipality-01, Bangau Bijaya Neupane's House towards bichaka paruwa to Baghmara 04 at Tikapur Municipality, Kailali. | 85,60,390.95 | 2,30,000.00 | 3,000.00 |
| FUDBCO/KAILALI/ Works/NCB/03-2081/082 | Upgradation of Road at Janaki Gaupalika Connecting to Durgauli bazar (Railway Road) at Janaki Rural Municiaplity, Kailali. | 1,31,00,905.22 | 3,50,000.00 | 3,000.00 |
| FUDBCO/KAILALI/ Works/NCB/04-2081/082 | Upgradation of Road at Dhangadhi Sub Metro-Politan City Ward No.-14 H Gau (Dorze chhoiling Gumba) siddrathi Aa.Bi Road Section at Kailali. | 85,60,619.19 | 2,30,000.00 | 3,000.00 |
| FUDBCO/KAILALI/ Works/NCB/05-2081/082 | Upgradation of Road from North Bangaon-Baghmara Ward No.-04 Via Ward N0.-06 to Ambasa at Tikapur Municipality, Kaillai. | 1,30,98,698.56 | 3,50,000.00 | 3,000.00 |
| FUDBCO/KAILALI/ Works/NCB/06-2081/082 | Upgradation of Road at Tikapur Municipality Connecting towards Tikapur Shiv Mandir to Jagatpur at Tikapur Municipality-01, Kaillai. | 85,60,647.93 | 2,30,000.00 | 3,000.00 |
| FUDBCO/KAILALI/ Works/NCB/07-2081/082 | Upgradation of Road at Ward No.-09 Bangra Gau to Bhawani Ma.Be School at Bangra Gau Dhangadhi Sub Metro-Politan City, Kaillai. | 85,59,771.41 | 2,30,000.00 | 3,000.00 |
| FUDBCO/KAILALI/ Works/NCB/08-2081/082 | Upgradation of Road at Shuklaphanta-01 Ganeshpur tallo chauraha to khajuwa Basti at Shuklaphanta Municipality-01, Kanchanpur. | 85,60,004.89 | 2,30,000.00 | 3,000.00 |
| FUDBCO/KAILALI/ Works/NCB/09-2081/082 | Upgradation of Road Connecting Tikapur Municipality Ward No.-04 to Ward No.-03 at Tikapur Municipality, Kailali. | 85,62,887.60 | 2,30,000.00 | 3,000.00 |
| FUDBCO/KAILALI/ Works/NCB/10-2081/082 | Construction Works of Building and Infrastructure Works for Rastriya Ma.Be at Kailali District Bhajani Municipality Ward No.-02, Paltupur. | 1,71,12,922.98 | 4,60,000.00 | 3,000.00 |
| FUDBCO/KAILALI/ Works/NCB/11-2081/082 | Upgradation of Road from Deepak Giri House-Khanal tole via Jyotinagar at Tikapur Municipality-01, Kailali. | 85,62,830.22 | 2,30,000.00 | 3,000.00 |

**Office Chief**

CMYK